# स्थनीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०८) पालुङटार, फागुन २८ गते, २०८१ साल (संख्या ११


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## स्थानीय हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।११।२८

**प्रस्तावना :** स्थानीय स्तरमा उत्पादित वस्तुलाई प्रवर्द्धन तथा बजारीकरण गर्न तथा आवश्यकता र माग अनुसार खद्यान्न लगायत अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाहरु सरल र सुलभ तरिकाबाट आपूर्ति गर्न स्थनीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (ज) को अधिकार प्रयोग गरी हाट बजार संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "स्थानीय हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अध्यक्ष" भन्नाले हाट बजार संचालन तथा व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले पालुङटार नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले स्थानीय हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्झनु पर्दछ।

(घ) "बजार" भन्नाले नगर कार्यपालिकाद्वारा व्यवस्थित गरिएको हाट बजार सम्झनु पर्दछ।

(ङ) "संचालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

(च) "सेवा शुल्क" भन्नाले व्यवसाय सञ्चालनको लागि उपलब्ध गराइएका स्थान र सुविधा बापतको भाडा, इजाजत शुल्क, प्रवेश शुल्क, नवीकरण शुल्क र अन्य सेवा शुल्कलाई सम्झनु पर्दछ।

३. **समिति गठन** : (१) स्थानीय हाट बजारलाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्नको लागि एक संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम गठन हुनेछ :-

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| (घ) सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| (ङ) स्थानीय कृषक समुह/कृषि सहकारी/सामाजिक व्यक्ति मध्ये बाट १ महिला सहित २ जना | सदस्य |
| (च) नगर उद्योग बाणिज्य संघ प्रमुख वा प्रतिनिधि | सदस्य |
| (छ) इलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| (ज) नगर कृषि सञ्जाल संयोजक | सदस्य |
| (झ) नगर पशु सेवा शाखा प्रमुख | सदस्य |
| (ञ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

४. **समितिको काम, कर्तव्य र अधिकार** : उपदफा (३) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बजार क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति गर्न स्थानीय प्रशासन तथा सुरक्षा निकायसँग समन्वय गर्ने,

(ख) स्वच्छ र व्यवस्थित बजार संचालन गर्ने,

(ग) बजारको भौतिक पूर्वाधारको सुरक्षा, संरक्षण, संचालन, संभार र विकास गर्ने,

(घ) स्थानीय उत्पादनलाई प्राथमिकता र प्रवर्धन गर्ने वातावरण सिर्जना गर्ने,

(ङ) बजारमा ल्याइएका खाद्यान्न र अन्य वस्तु तथा सेवाहरूको अनुगमन गरेर गुणस्तर वृद्धि गर्ने,

(च) बजारमा व्यवसाय संचालन गर्दा उत्पन्न हुने विवादको समाधान गर्ने,

(छ) हाट बजार संचालकको दर्ता तथा व्यवस्थापन गर्ने,

(ज) अवैध व्यापार तथा कालोबजारी नियन्त्रण गर्ने,

(झ) बजारका क्रियाकलापहरूको नियमित निरीक्षण र सुपरिवेक्षण गर्ने,

(ञ) सम्भाव्य क्षेत्र वा वडामा हाट बजारको स्थापना तथा संचालनको व्यवस्था मिलाउने, वडा स्तरमा समिति निर्माण गर्न सक्ने र आवश्यकता अनुसार उक्त समितिलाई हाट बजार संचालनको अनुमति प्रदान गर्न सक्ने,

(ट) बजार भित्र व्यवसाय संचालन गर्दा व्यवसायीले कालोबजारी, गुणस्तरहीन वस्तु तथा सेवा विक्री वा उपभोक्ताको हित विपरित कार्य गरेको पाइएमा व्यवसाय संचालनमा रोक लगाई कानून बमोजिम कारवाहीको लागि सिफारिस गर्ने,

(ठ) हाट बजार संचालनका लागि दफा ६ बमोजिम इच्छुक व्यक्ति/संस्था/निजी क्षेत्र/सहकारी वा कृषक समूह छनौट गरी हाट बजार संचालनको लागि अनुमति दिने,

(ड) हाट बजारको प्रति वर्ग फूट/वर्ग मिटर भाडा दर निर्धारण गर्ने ।

५. **समितिको बैठक :** (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठकको सूचना कम्तीमा २४ घण्टा अगावै सदस्यहरूलाई दिइनेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितमा बैठकमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कुल सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।तर बराबरी भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय अध्यक्षद्वारा प्रमाणित गरिनेछ र अभिलेखमा राखिनेछ।

(६) समितिले आवश्यक ठानेमा विषय विज्ञ वा अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

६. **हाट बजार संचालन प्रक्रिया :** (१) हाट बजार संचालनको लागि समितिले व्यक्ति, निजि क्षेत्र, सहकारी वा कृषक समुहलाई प्रस्ताव पेश गर्नको लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ। इच्छुक संस्थाले नगरपालिका क्षेत्रभित्र हाट बजार संचालन गर्नको लागि कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा निवेदनका साथ देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ :-

(क) संचालन गर्न इच्छुक व्यक्ति, निजि क्षेत्र, सहकारी वा कृषक समुहको परिचय खुल्ने कागजातहरु,

(ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) संस्था दर्ताका प्रमाणपत्रको प्रतिलिपि,

(घ) संस्थाको विधान वा संस्था संचालन कार्यविधिको प्रतिलिपि,

(ङ) संस्थाको निर्णयको प्रतिलिपि,

(च) स्थानीय लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,

(छ) कर चुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,

(ज) जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई संचालन गर्ने भएमा करार सम्झौताको प्रतिलिपि,

(झ) सधियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का,

(ञ) वडा कार्यालयको सिफारिस पत्र,

(३) उपदफा (१) बमोजिम पेश भएका प्रस्ताव उपर समितिले उपसमिति गठन गरी मुल्याङ्कन गर्नेछ।

(४) उपदफा (३) बमोजिम मुल्याङ्कन भई अधिकतम खर्च कबुल गर्ने व्यक्ति, निजि क्षेत्र, सहकारी वा कृषक समुहलाई हाट बजार संचालन गर्न समितिले अनुसूची १ को ढाँचामा सम्झौता गरेर संचालनको अनुमति प्रदान गर्ने।

(५) उपदफा (४) बमोजिम सम्झौता गर्दा सम्झौतामा देहायका विवरणहरु खुलाउनु पर्नेछ :-

(क) स्टलमा व्यवसाय संचालन गर्ने समय अवधि,

(ख) नविकरण गर्ने प्रक्रिया,

(ग) व्यवसायको प्रकार,

(घ) सेवा शुल्कको रकम,

(ङ) व्यवसायीको एकाघर परिवारका सदस्यको नाम, थर र दस्तखत,

(च) सम्झौताका अन्य शर्तहरू समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्झौताको समयवधी ५ वर्षभन्दा बढी राखिने छैन।

(७) प्रत्येक आर्थिक वर्षमा इजाजत पत्र नविकरण गर्नु पर्नेछ।

७. **न्युनतम मापदण्ड :** हाट बजार संचालन गर्दा देहाय बमोजिमको न्यूनतम मापदण्डको पालन गर्नु पर्नेछ :-

(क) एक हाट बजार देखि अर्को हाट बजार बिचको दुरी कम्तिमा २ किलोमिटर हुनु पर्नेछ।

(ख) एक वडामा एक मात्र हाट बजार संचालन गर्नु पर्नेछ।

(ग) हाट बजारमा अनिवार्य रुपमा सेड र सौचालयको व्यवस्था गर्नु पर्नेछ।

(घ) एकै प्रकारका उत्पादनलाई तोकिएको क्षेत्रमा मात्र विक्रि गर्नु पर्नेछ।

८. **स्टल वा स्थानको सेवा शुल्क सम्बन्धी व्यवस्था :** हाट बजार स्थलबाट उपलब्ध गराइने स्टल वा स्थानको सेवा शुल्क निर्धारण गर्दा समितिले देहाय बमोजिमको आधार र प्रक्रिया अनुसार गर्नु पर्नेछ :-

**(क) सेवा शुल्क निर्धारणका आधारहरू :-**

(१) बजारको स्थापना र पूर्वाधार विकासमा भएको लगानी,

(२) बजार सञ्चालन र व्यवस्थापनको खर्च,

(३) भौतिक संरचना, उपकरण, विद्युत, खानेपानी, सरसफाईको व्यवस्था र सुविधाहरूको मर्मत, सम्भार र बिमा,

(४) बजारमा थप पूर्वाधार विकास र सुविधा विस्तारका लागि आवश्यक पर्ने लगानी,

(५) जनशक्ति प्रयोग र उत्प्रेरणा खर्च,

(६) आकस्मिक आर्थिक दायित्व र जोखिम व्यवस्थापनका लागि आवश्यक रकम।

**(ख) सेवा शुल्क निर्धारण प्रक्रिया :-**

(१) भाडामा उपलब्ध गराइने स्टल वा स्थान र सुविधाहरुको वर्गीकरण गर्नु पर्नेछ ।

(२) सेवा शुल्क निर्धारणको आधारमा खर्च अनुमान गर्नु पर्नेछ ।

(३) बजार क्षेत्र वरिपरी प्रचलित भाडा दर र अन्य शुल्कलाई ध्यानमा राखेर बजार स्थलका स्टल वा स्थानको सेवा शुल्क निर्धारण गरि समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(४) समितिले निर्धारण गरेको सेवा शुल्क कार्यपालिकाले स्वीकृत गरेपछि मात्र लागू हुनेछ ।

(५) हाट बजार संचालनको लागि सम्झौता भए अनुसार बजार स्थलमा व्यवसाय गर्ने व्यवसायीले उक्त सेवा शुल्क वापतको रकम सम्वन्धित वडा कार्यालयमा त्रैमासिक रुपमा अग्रिम भुक्तानी गर्नु पर्नेछ र कृषकको हकमा उपस्थित भएको दिनको हिसाबले सेवा शुल्क तिर्नु पर्नेछ।

(६) सेवा शुल्क वापतको रकम नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**(ग) मूल्य निर्धारण समिति** : (१) हाट बजारमा विक्री गरिने कृषि जन्य बस्तुको न्युनतम वा अधिकतम मूल्य तोक्नको लागि एक मूल्य निर्धारण तथा सिफारिस समिति रहनेछ। उक्त समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) उपप्रमुख | अध्यक्ष |
| (ख) सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (घ) राजश्व शाखा प्रमुख | सदस्य |
| (ङ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले हाट बजार संचालन हुने दिनको अघिल्लो दिन बेलुका सम्म न्यूनतम मुल्य तोकेर प्रचार प्रसार गरी सबैले देख्ने गरी सूचना टाँस गर्नु पर्नेछ।

(३) प्रत्येक व्यवसायीले स्टलमा व्यवसाय संचालन गर्दा हाट बजारका दिन विक्री हुने वस्तु र सेवाको मूल्य सूची सबैले देख्ने स्थानमा टाँस गर्नु पर्नेछ।

**९. स्टल वा स्थान सञ्चालन तथा वर्गीकरण सम्बन्धी व्यवस्था :** हाट बजारको स्टल वा स्थानको सञ्चालन र वर्गीकरण निम्नानुसार हुनेछ :-

(१) स्टल वा स्थान प्राप्तिका लागि संचालन तथा व्यवस्थापन समितिले एकै प्रकृतिका उत्पादन तथा बस्तुलाई सँगसँगै राख्ने गरी निर्णय गर्न सक्नेछ।

(२) समितिले बजार स्थलमा प्राङ्गारिक कृषि उपज, जडिबुटी (औषधि) र अन्य स्थानीय उत्पादन संकलन र विक्री वितरणका लागि कम्तिमा एक एक वटा स्टल वा स्थान छुट्याउनु पर्नेछ ।

**१०. व्यवसायीलाई स्टल वा स्थान वितरण** : दफा ८ बमोजिम निर्धारित सेवा शुल्क भन्दा कम नहुने गरि प्रचलित खरिद कानून अनुसार स्टल वा स्थानको वितरण गरिनेछ।

**११. व्यवसायीको परिचय-पत्र** : हाट बजारमा व्यवसाय गर्ने व्यक्तिले समितिले उपलब्ध गराएको परिचय-पत्र लगाउनु पर्नेछ।

**१२. कामदारको संख्या र परिचय-पत्र** : (१) थोक व्यवसायीले अधिकतम ३ जना र खुद्रा व्यवसायीले अधिकतम २ जना कामदार स्टलमा राख्न पाउनेछन्।

(२) उपदफा (१) बमोजिमका कामदारले समेत समितिले उपलब्ध गराएको परिचय पत्र अनिवार्य रुपमा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम व्यवस्था भएको कामदारहरु परिवर्तन भएको खण्डमा कामदार परिवर्तन भएको ५ दिन भित्र परिचय पत्रको लागि समितिलाई जानकारी गराउनु पर्नेछ र समितिले परिचय पत्रको व्यवस्था गर्नु पर्नेछ।

**१३. अन्य स्थानमा व्यवसाय** : स्टल वा कोठा बाहेक अन्य स्थानमा कृषि उपज विक्री वितरणमा संलग्न हुने व्यवसायीले समितिबाट इजाजतपत्र लिई नियमित रूपमा नविकरण गर्नु पर्नेछ।

**१४. फोहोर मैला व्यवस्थापन :** (१) हाट बजार संचालन हुने स्थानमा अनावश्यक रुपमा विज्ञापन टाँस गर्न पाईने छैन।

(२) कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै संकलन तथा व्यवस्थापन गर्नु पर्नेछ।

(३) हाट बजार संचालनको क्षेत्रमा ध्वानी प्रदुषण गर्न पाईने छैन।

(४) फोहोर मैला व्यवस्थापनको हकमा संचालक स्वयंले व्यवस्थापन गर्नु पर्नेछ।

**१५. अनधिकृत व्यवसाय** : समितिको अनुमति बिना र सम्झौतामा तोके भन्दा बाहेक अन्य कुनै व्यवसाय संचालन गर्न पाइने छैन।

**१६. दण्ड** : माथिका नियम विपरित कुनै गतिविधि गरेमा समितिले दश हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

**१७. हाट बजारको व्यवस्थापन** : हाट बजार सञ्चालन हुने दिनको व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१८. कर्मचारी व्यवस्थापन** : हाट बजार संचालन तथा व्यवस्थापनका लागि आवश्यक कर्मचारीहरूको व्यवस्था कृषि र पशु सेवा शाखाबाट गरिनेछ ।

**१९. बैठक भत्ता र सेवा सुविधा** : समितिको बैठक भत्ता र हाट बजार व्यवस्थापनको जिम्मेवारी पाएका कर्मचारीहरूको अन्य सेवा सुविधाहरू हाट बजार संचालन तथा व्यवस्थापन समिति र आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

**२०. समितिको कार्यालय** : समितिको कार्यालय नगर कार्यपालिकाको कार्यालयमा रहने छ।

**२१. प्रतिवेदन पेश गर्नु पर्ने** : (१) समितिले आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र बजार संचालन र व्यवस्थापनसँग सम्बन्धित सबै कार्य र आर्थिक तथा भौतिक विवरण सहितको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) कार्यालयले उक्त प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**२२. लेखा र लेखापरीक्षण :** (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परिक्षण लेखा परिक्षकबाट गरिनेछ ।

२३. **नियम बनाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनका लागि समितिले आवश्यक विनियमहरू बनाइ कार्यपालिकाबाट अनुमोदन गरी लागू गर्न सक्नेछ।

२४. **व्याख्या, संशोधन र खारेजी** : यस कार्यविधिको व्यख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

२५. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १
## (दफा ६ को उपदफा (४) सँग सम्वन्धित)
## सम्झौता पत्र

पालुङटार नगरपालिका अन्तर्गतको हाट बजार संचालन तथा व्यवस्थापन समिति (यस पछि पहिलो पक्ष भनिने ) र छनौट भएका व्यक्ति/निजि क्षेत्र/संस्था/सहकरी/कृषक समूह ....................(यस पछि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु हामी दुबैलाई मान्य हुनेछ र सोहि अनुसार पालना गरिनेछ ।

१. स्थानीय हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ मा व्यवस्था भएका नियमहरु दुवै पक्षलाई मान्य हुनेछ ।
२. दोस्रो पक्षले पहिलो पक्षलाई भाडा वापत ...............रकम मासिक/वार्षिक रुपमा नगरपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।
३. यस सम्झौता पत्रको समयवधी मिति.....................देखि मिति...............सम्मको हुनेछ
३. भौतिक संरचना : दोस्रो पक्षले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा पहिलो पक्षलाई अग्रिम रुपमा जानकारी गराई सोको स्वीकृती नगरपालिकाबाट लिनु पर्नेछ ।
४. सम्झौता पत्रमा तोकिएको अवधि समाप्त भईसकेपछि दोस्रो पक्षले पहिलो पक्षलाई दोस्रो पक्षको जिम्मामा रहेको भौतिक सम्पत्ति, सामाग्री, कागजात तथा अन्य आवश्यक विवरणहरु १५ दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ र सो को जानकारी पहिलो पक्षले नगरपालिकालाई दिनु पर्नेछ ।
५. सम्झौता भंग गरी उपयोग गर्ने पहिलो पक्षको विशेष अधिकार : यो सम्झौतामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दोस्रो पक्षले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा जिम्मामा रहेको सम्पत्तिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा बजारको संचालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा र संचालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा पहिलो पक्षले सम्झौता भङ्ग गर्न सक्ने र दोस्रो पक्षलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ नगरपालिकाको अनुमतिले अन्य प्रयोजनको लागि प्रयोग गर्ने व्यवस्था मिलाउन सक्नेछ ।
६. पहिलो पक्षले दोस्रो पक्षलाई हस्तान्तरण गरिएको भौतिक सम्पत्ति/सामग्रीहरुको विवरण तपशिल बमोजिम हुनेछ ।

| क्र.स | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. यस सम्झौतामा उल्लेखित शर्तहरुको पालना गर्दा आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयं आफै हुनेछ ।

८. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्ष : | दोस्रो पक्ष : |
| नाम थर : | नाम थर : |
| ठेगाना : | ठेगाना : |
| पद : | पद : |
| हस्ताक्षरः | हस्ताक्षर : |

आज्ञाले,
कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत